आज मिति २०८२ साल असार महिना ९ गते सोमबारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८१/०८२ को नगर कार्यपालिकाको २२औ वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित उपस्थिति

| | | |
|---|---|---|
| श्री सन्दिप पौडेल | | उप-सचिव |
| श्री अर्जुन प्रसाद पौडेल | | लेखा अधिकृत |
| श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| श्री सुर्य प्रसाद पौडेल | | प्रशासकीय अधिकृत |

प्रमाणित

आर्थिक वर्ष २०८१/०८२ को बाईसौं नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरु: मितिः (२०८२/०३/०९)

१. आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा,
२. आ.व. २०८२/०८३ को आर्थिक विधेयक, २०८२
३. आ.व. २०८२/०८३ को विनियोजन विधेयक, २०८२ र बजेट बक्तव्य सम्बन्धमा
४. न्यायिक समितिको आ.व. ०८१/०८२ को वार्षिक प्रतिवेदन सम्बन्धमा,
५. लेखा समितिको आ.व. ०८१/०८२ को प्रतिवेदन सम्बन्धमा,
६. आ.व. २०८१/०८२ को योजना अनुगमन प्रतिवेदन सम्बन्धमा,
७. भिमाद नगरपालिकाको सुशासन (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८२
८. विविध

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपालको संविधान बमोजिम संघीय शासन व्यवस्थालाई स्थानीय तहदेखि नै सुदृढ बनाई स्थानीय सरकारको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न समृद्ध भिमादको आधारः आर्थिक सामाजिक विकास र दिगो पूर्वाधार भन्ने सोच सहित भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम छलफल गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं. २ माथि छलफल गर्दा भिमाद नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक, २०८२ छलफल गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा भिमाद नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको बजेटको सिमाभित्र रही आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि टोल तथा बस्तीस्तरबाट छनौट गरी वडा कार्यालयहरुबाट प्राप्त भएका योजना तथा कार्यक्रमहरु, विषयगत शाखाका योजना तथा कार्यक्रम र विभिन्न सरोकारवाला संघ संस्थाहरुवाट प्राप्त राय सुझावहरु सहित विषयगत समितिहरुमा छलफल भै बजेट तथा कार्यक्रम तर्जुमा समितिवाट छलफल गरी प्राथमिकताका आधारमा छनौट भएका योजना तथा कार्यक्रमका आधारमा भिमाद नगरपालिकाको आ.व. २०८२/०८३ को विनियोजन विधेयक, २०८२ र बजेट बक्तव्य छलफल गरी नगर सभामा पेश गर्ने गरियो ।

र्णय नं. ४

स्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३ मा न्यायिक मितिवाट मिलापत्र वा निर्णय भएका विवादसंग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख वस्थित र सुरक्षित रुपमा राख्नुपर्ने व्यवस्था गरेको छ साथै न्यायिक समितिले आफुले गरेको कामको र्षिक प्रतिवेदन नगर प्रमुख मार्फत सभामा पेश गर्नु पर्ने प्रावधान रहेको हुँदा भिमाद नगरपालिकाको र्थिक वर्ष २०८१/०८२ मा न्यायिक समितिवाट हालसम्म सम्पादन गरिएका कार्यहरुको वार्षिक वेदन छलफल गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

यि नं.५

ाव नं. ५ माथि छलफल गर्दा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २२ अनुसार वित्तीय नको परीक्षण लेखापरीक्षण रिपोर्टको अध्ययन तथा सार्वजनिक खर्च पारदर्शिता कायम गराउन साथै र पालिकाको वित्तीय गतिविधिहरूको निगरानी गर्नु, खर्च र आयको लेखापरीक्षण गर्नु, र नगर काको वित्तीय पारदर्शिता र जवाफदेही कार्यम गर्ने सम्बन्धमा भिमाद नगरपालिकाको लेखा तिको २०८१।०८२ को प्रतिवेदन माथि छलफल गरि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

य नं. ६

व नं. ६ माथि छलफल गर्दा भिमाद नगरपालिकाबाट सञ्चालन हुने विकास योजना तथा क्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ को फा ४ को खण्ड (ख) मा भएको व्यवस्था बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यलाई स्थित र प्रभाकारी तुल्याउन अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने अधिकार नगर उपप्रमुखलाई गरेको साथै वार्षिक प्रतिवेदन तयार गरी नगर प्रमुख मार्फत सभामा पेश गर्नु पर्ने प्रावधान रहेको भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा योजना अनुगमन तथा सुपरिवेक्षणल गरी म्म सम्पादन गरिएका कार्यहरुको वार्षिक प्रतिवेदन छलफल गरी नगरसभामा पेश गर्ने निर्णय ।

नं. ७

नं. ३ माथि छलफल गर्दा सार्वजनिक प्रशासनलाई जनमुखी, दक्ष, प्रभावकारी जवाफदेही, पारदर्शी, शी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन,कानूनको भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मासात गरी सर्वसाधारणले पाउनु वा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सृजना गरी सुशासन पाउने नागरिकको रलाई व्यवहारमा उतारी प्रशासनलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रूपमा रूपान्तरण भएको **भिमाद नगरपालिकाको (सुशासन तथा व्यवस्थापन) विधेयक, २०८२** उपर छलफल गरी भामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथी छलफल गर्दा भिमाद नगर कार्यपालिकाको मिति २०८१।०९।२५ गतेको बैठकको निर्णयअनुसार मेरो भिमाद स्थानीय पाठ्यक्रम, २०७८ (कक्षा १-५) मा आधारित पाठ्यपुस्तक लेखन कार्यदल गठन गरिएकोमा उक्त कार्यदलले मसौदा तयार गरी शिक्षक कार्यशाला तथा नगर कार्यपालिका शिक्षा समिति र शाखा प्रमुखहरुबाट समेत सुझाव सङकलन गरी आवश्यक संशोधन सहित पेश गरिएको मेरो भिमाद स्थानीय पाठ्यपुस्तक (कक्षा १-५) स्वीकृत गरी विद्यालयको पठनपाठनका लागि छपाइ गरी वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं. ६ निवासि भविलाल कुमालको छोरी लक्ष्मी कुमाललाई टाउकोमा चोट लागि गण्डकी मेडिकल कलेज पोखरामा उपचारको गराउदै आएकोमा उनको आर्थिक अवस्था कम्जोर भएको भनि वडा कार्यालयको मिति २०८२।०३।०२ गतेको पत्रानुसार आवश्यक सहयोग गरि दिने व्यहोराको पत्रानुसार वार्षिक नगर विकास योजनाको सि. नं. ९९ मा नगर प्रमुखको तोकादेश बमोजिम विपन्न तथा आपतकालिन अवस्थाका लागि आर्थिक सहायता रकम शीर्षकबाट रु २५,०००।-(पच्चीसहजार) मात्र भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भिमाद नगरपालिकामा तपसिल वमोजिमको पाईप माग अनुसार वडा कार्यालयको सिफारिस साथ निवेदनहरु प्राप्त भएकोले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत नगर विकास योजनाको देहायको शीर्षकबाट निम्न अनुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नाम | ठेगाना | प्राविधिक लागत अनुमान/प्रस्तावना भए/नभएको | विनियोजित रकम | सामानको विवरण | शिर्षक नं. र नाम |
|---|---|---|---|---|---|---|
| १ | बडरमञ्ज्याङ खानेपानी योजना | भिमाद-१ | भएको | १६,७१६/- | २५mm को ३०० मिटर पोलिथिन पाइप | अन्य खानेपानी योजनाहरु (पाईप खरिद तथा वितरण समेत सि.न.१४६) |
| २ | निर्मला उपाध्याय | भिमाद-५ | भएको | ८,६९६/- | २०mm को २०० मिटर पोलिथिन पाइप | |
| ३ | नारद गैहे | भिमाद-५ | भएको | ४,३४८/- | २०mm को १०० मिटर पोलिथिन पाइप | |
| ४ | कुलमाया क्षेत्री | भिमाद-९ | भएको | ३३,४९५/- | २५mm को ५०० मिटर पोलिथिन पाइप | |
| ५ | किर्दु प्रहरी चौकी | भिमाद-२ | भएको | १३,०४४/- | २०mm को ३०० मिटर पोलिथिन पाइप | |
| ६ | धर्मराज मर्सानी | भिमाद-५ | भएको | २१,७०/- | २०mm को ४५० मिटर पोलिथिन पाइप | |
| ७ | सिमले गाँउ पाईप | भिमाद-५ | भएको | १०,८७०/- | २०mm को २५० मिटर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | पोलिथिन पाइप | |
| ८ | लिब्दी खानेपानी | भिमाद-१ | भएको | ८,६९६/- | २०mm को २०० मिटर पोलिथिन पाइप | |
| ९ | ओन्टयाङखोला उकालोमा बटुवाहरुको लागि खानेपानी | भिमाद-५ | भएको | १५,१४६/- | १६mm को २०० मिटर पोलिथिन पाइप | |
| १० | जनज्योति माध्यमिक विद्यालयको खानेपानि | भिमाद-६ | भएको | २२,०००/- | २५mm को ४०० मिटर पोलिथिन पाइप | |
| ११ | बाँड खेत कुलो स्तरोन्नती | भिमाद-२ | भएको | १२,३८२/- | 160mm को १२ मिटर पोलिथिन पाइप | |
| | कुल रकम जम्मा | | | १,४७,५६३- | | |

निर्णय नं. ११

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रमको सि.नं. ८ मा कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकमा रु.२,५०,०००।- बजेटको व्यवस्था भएको र विगत वर्षहरुमा नगरसभामा उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कार वितरण गर्ने गरिएको हुँदा यो आर्थिक वर्षको बजेट स्वीकृत गर्नको लागि बस्ने नगर सभा असार २७ गते हुने भएकोमा उक्त मिति अघि नै यो वर्षको आर्थिक कारोवार बन्द हुने हुँदा साविक वर्षहरुमा पाँच देखि सात जना सम्म कर्मचारी छनौट गरी जनही रु.२५,०००।- दरले पुरस्कार उपलब्ध गराउने गरिएकोमा यो आर्थिक वर्षमा समेत उक्त कार्यक्रममा हुने खर्च भुक्तानीको लागि उक्त सि. नं. ८ मा कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकबाट सात जनाको लागि रु. १,७५,०००।- खर्च लेखि नगरपालिकाको विविध खर्च खातामा रकम ट्रान्सफर गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा मुख्यमन्त्री स्वरोजगार साझेदारी कार्यक्रम अन्तर्गत डेरी फर्मसहितको साइलेज उद्योग सञ्चालन गर्न डेरि फर्म सञ्चालनका लागि भिमाद उद्योग वाणिज्य संघको सभाहलको पूर्वतर्फ रहेको कृषि उपज संकलन केन्द्रमा Singal phase र भिमाद वडा नं ६ को मालेवगर भिमाद वासिङ्गसेन्टरको आडमा रहेको साइलेज उद्योग सञ्चालन गर्ने स्थानमा पोलसहित लाइन विस्तार गरी ३ Phase को मिटर बक्स उपलब्ध गराइदिनुहुन नेपाल विद्युत प्राधिकरण,लेखनाथ वितरण केन्द्र ,तालचोक ,कास्कीलाई अनुरोध गर्ने निर्णय गरियो ।।

निर्णय नं. १३

प्रस्ताव नं ८ माथि छलफल गर्दा आ.व. २०८१.८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत तपसिल अनुसारका क्रियाकलापमा कुनै शिर्षकमा रकम बचत हुने र कुनै शिर्षकमा रकम अपुग हुने देखिएकाले भिमाद नगरपालिका विनियोजन ऐन, २०८१ को दफा ३ बमोजिम देहायअनुसार रकमान्तर गर्ने निर्णय

गरियो । साथै यसरी रकमान्तर गर्नका लागि आर्थिक प्रशासन शाखाबाट पेश भएबमोजिम नगरपालिकाको संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा बचत हुने शिर्षकबाट अपुग हुने शिर्षकमा खर्च समायोजन गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सि नं | साविकको शिर्षकमा | बजेट थप हुने शिर्षक | रकमान्तर हुने रकम |
|---|---|---|---|
| १ | पोषाक भत्ता सेवा करार तथा नगर प्रहरी समेत (सि.नं ३) | विविध खर्च (सि नं ११२) | १,००,०००।- |
| २ | पोषाक भत्ता सेवा करार तथा नगर प्रहरी समेत (सि.नं ३) | मसलन्द तथा कार्यालय सामाग्री (सि नं १८) | १,००,०००।- |
| ३ | बिमा तथा नविकरण खर्च (सि.नं १५) | पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन खर्च (सि नं २१) | १,००,०००।- |
| ४ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च (AMC खर्च, CC Camera समेत सि.नं २४) | पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन खर्च (सि नं २१) | १,००,०००।- |
| ५ | समिक्षा वैठक मासिक तथा चौमासिक (सि.नं ८३) | कर्मचारी वैठक भत्ता (सि नं ७) | ५०,०००।- |
| ६ | पुस्तक तथा सामाग्रि खर्च (सि.नं १९) | भ्रमण खर्च (कर्मचारी) (सि.नं ११०) | ४०,०००।– |
| ७ | भुमि सम्बन्धी समस्या समाधान कार्यक्रम (सि. नं ६४) | विविध खर्च (सि नं ११२) | १,००,०००। |
| ८ | लागत सहभागितामा सञ्चालन गरिने पूर्वाधार योजना उत्पादनमुलक सामाग्री खरिद समेत (सि. न.१५३) | अन्य खानेपानी योजनाहरु (पाईप खरिद तथा वितरण समेत सि.न.१४६) | १,५०,०००।- |

निर्णय नं. १४

प्रस्ताव नं ८ माथि छलफल गर्दा भिमाद नगरपालिकाको नक्शा भौगोलिक क्षेत्र बमोजिम नभएको हुँदा नक्सा संशोधनको लागि नापी विभाग मिनभवनमा पत्राचार गर्नको लागि नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भिमाद नगरपालिकामा देहाय अनुसार घाटमा जाने बाटो मर्मत गर्नको लागि प्राविधिक शाखाबाट लागत अनुमान बमोजिमको रकम भिमाद नगरपालिकाको आर्थिक वर्ष

२०८१/०८२ को स्वीकृत नगर विकास योजनाको तपसिलको शीर्षकवाट रकम विनियोजन गरि भुक्तानि दिने निर्णय गरियो ।

तपसिल

| क.सं. | नाम | प्राविधिक लागत अनुमान/ प्रस्तावना भए/नभएको | विनियोजित/भूक्तानी रकम | शिर्षक नं. र नाम |
|---|---|---|---|---|
| १ | कसेनी घाट जाने बाटो मर्मत | भएको | ३२,०००/- | सि.नं.१५१ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी बाँकी योजनाहरु समेत शिर्षकवाट |
| २ | गेरुवा घाट र भक्काश घाट जाने बाटो मर्मत | भएको | १५,०००/- | |
| ३ | झक्काश घाटबाट वरामद गरिएको नदिजन्य पदार्थ नगरपालिका सम्म ढुवानी लोड समेत | भएको | ५१,०००/- | |
| ४ | बन्टयाङखोला कल्भर्ट मर्मत योजन | भएको | ५९,९५०/- | |

निर्णय नं. १६

प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेपाल राष्ट्रिय शिक्षक संगठनले कार्यक्रमको लागि आर्थिक सहयोग माग गरेको लागि निवेदनहरु प्राप्त भएकोले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नगर विकास योजनाको सि.नं १०८ विविध कार्यक्रम खर्चबाट रु. १५,०००/- पन्ध्र हजार मात्र विनियोजन गरि भूक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं.१७

प्रस्ताव नं. ८ माथि छलफल गर्दा भू-उपयोग ऐन, २०७६ र सोही नियमावली, २०७९ अनुसार यस नगरपालिकाको भू-उपयोगको क्षेत्र वर्गीकरण गरी स्थानीय राजपत्रमा प्रकाशित गरिएकोमा तपसलिका व्यक्तिहरुले आफ्नो जग्गाको भू-उपयोग क्षेत्र परिवर्तन गरिदिन निवेदन दिएको हुँदा प्राविधिक प्रतिवेदनको आधारमा निवेदकहरूको माग अनुसार तपसिल बमोजिमका कित्ताहरुको भू उपयोग क्षेत्र परिवर्तन गर्न नगरसभा पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | वडा न. | नक्सा सि.न. | कित्ता न. | क्षेत्रफल | भएको | हुनुपर्ने |
|---|---|---|---|---|---|---|
| १ | २ | अरोणदोय ९ ख | ३१ | ०-१३-१-२ | कृषी | आवास |
| २ | ७ | भिमाद २ ग | ७१५ | ०-२-२-२ | छुट | आवास |
| ३ | ७ | भिमाद २ ग | ४६८ | ०-३-२-३ | छुट | आवास |
| ४ | ७ | भिमाद २ ग | ४२६ | ०-४-०-० | छुट | आवास |
| ५ | ७ | भिमाद २ ग | ४३८ | ०-१-१-१ | छुट | आवास |
| ६ | ७ | भिमाद २ ग | ४४७ | ०-०-३-० | छुट | आवास |
| ७ | ९ | भानुमती २ ङ | १६३ | २-६-१-३ | कृषी | आवास |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ६ | भानुमती १ ङ | ५९२ | ०-०-२-२ | सार्वजनिक | आवास |
| ९ | ६ | भिमाद १ ङ | ५५१ | ०-४-०-१ | सार्वजनिक | आवास |
| १० | ६ | भिमाद १ ङ | ५५० | ०-६-३-२ | छुट | आवास |
| ११ | ८ | भानुमती ९ क | २७२ | ०-५-२-२ | सार्वजनिक | आवास |
| १२ | ६ | भिमाद १ ङ | ५९२ | ०-०-२-२ | सार्वजनिक | आवास |
| १३ | ६ | भिमाद १ ङ | ५५१ | ०-४-०-१ | सार्वजनिक | आवास |
| १४ | ६ | भिमाद १ ङ | ५६४ | ०-०-३-० | कृषि | आवास |
| १५ | ६ | भिमाद १ ङ | ५५० | ०-६-३-२ | छुट | आवास |

निर्णय नं.१८

प्रस्ताव नं ८ माथि छलफल गर्दा भिमाद नगरकार्यपालिकाको मिति २०८१।११।२२ गतेको निर्णय अनुसार कसेनी घाटको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धी कार्यको लागि आ.व. २०८१।०८२ को स्वीकृत बार्षिक कार्यक्रमको सि.नं.१५१ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी बाँकी योजनाहरु समेत शिर्षकवाटबाट रु. १,००,०००।-(अक्षेरुपी एक लाख मात्र) बिनियोजन गरी भुक्तानी गर्ने निर्णय भएकोमा उक्त निर्णयलाई संशोधन गरी उक्त कार्यको भुक्तानी आ.ब. २०८१।०८२ को स्वीकृत बार्षिक कार्यक्रमको सि. नं. २३ सेवा र परामर्श खर्च बाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं १९

प्रस्ताव नं ८ माथि छलफल गर्दा आ. ब. ०८१।०८२ भिमाद नगरपालिकाबाट सेवा लिनको लागि व्यक्ती तथा फर्महरुले राजश्व दाखिला गरेता पनि यस कार्यालयबाट सेवा दिन नसिकिएको कारणले आ. ब २०८२।०८३ को राजश्व फिर्ता सम्बन्धि शिर्षकबाट रु २,००,०००।- अक्षरेपी दुईलाख मात्र उक्त शिर्षकमा विनियोजन गर्नको लागि विसौं नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

प्रस्ताव नं ८ माथि छलफल गर्दा आ.ब. २०८२.८३ मा भिमाद नगरपालिकामा नगरपालिकाको स्रोतबाट तलव भत्ता प्राप्त गर्ने गरी सेवा करारमा कार्यरत रहने तपसिलका पद तथा तह/श्रेणीका कर्मचारीको मासिक पारिश्रमिक तथा सेवा सुविधा देहाय बमोजिम कायम गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | पद | तह/श्रेणी | तलव स्केल | पर्व खर्च | पोषाक भत्ता | राशन भत्ता | फिल्ड भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | आठौं | ४८७३७ | ४८७३७ | १०००० | | | नन प्राक्टिस भत्ता मासिक ५३७५ र मंहगि भत्ता मासिक ५००० |
| २ | इन्जिनियर | छैठौं | ४३६८९ | ४३६८९ | १०००० | | १०००० | नगरपालिकाको स्वीकृत दरवन्दिमा कार्यरत |
| ३ | सूचना प्रविधि अधिकृत | छैठौं | ४३६८९ | ४३६८९ | १०००० | | | |
| ४ | सव इन्जिनियर | पाँचौं | ३४७३० | ३४७३० | १०००० | | ७००० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | असिस्टेन्ट सब इन्जिनियर / अमिन | चौथो | ३२९०२ | ३२९०२ | १०००० | | ५००० | |
| ६ | कम्प्युटर अपरेटर | चौथो | ३२९०२ | ३२९०२ | १०००० | | | |
| ७ | खा पा स टे | चौथो | २९९०० | २९९०० | १०००० | | | |
| ८ | हलुका सवारी चालक | विहिन | २७६०० | २७६०० | १०००० | | | |
| ९ | कार्यालय सहयोगी/माली | विहिन | २३००० | २३००० | १०००० | | | |
| १० | सामाजिक परिचालक | विहिन | २३००० | २३००० | १०००० | | | |
| ११ | प्रहरी सहायक निरिक्षक | | २९९०० | २९९०० | १०००० | ४५०० | | नगर प्रहरी तर्फ |
| १२ | प्रहरी हवलदार | | २५३०० | २५३०० | १०००० | ४५०० | | |
| १३ | प्रहरी जवान | | २३००० | २३००० | १०००० | ४५०० | | |
| १४ | अप्थाल्मिक असिस्टेन्ट | पाँचौं | ३२२०० | ३२२०० | | | | भिमाद प्रा स्वा के |
| १५ | रेडियोग्राफर | पाँचौं | ३२२०० | ३२२०० | | | | |
| १६ | ल्याव असिस्टेन्ट | चौथो | २९९०० | २९९०० | | | | स्वास्थ्य चौकी र आधारभुत स्वास्थ केन्द्र |
| १७ | अ हे व | चौथो | २९९०० | २९९०० | | | | आधारभुत स्वास्थ सेवा केन्द्र र वर्थि सेन्टरमा कार्यरत |
| १८ | अ न मि | चौथो | २९९०० | २९९०० | | | | |
| १९ | कार्यालय सहयोगी | विहिन | २३००० | २३००० | | | | |
| २० | अ हे व | चौथो | २५५०० | २५५०० | | | | सामुदायिक स्वास्थ इकाईमा कार्यरत |
| २१ | अ न मि | चौथो | २५५०० | २५५०० | | | | |
| २२ | कार्यालय सहयोगी | विहिन | १९५५० | १९५५० | | | | |

उपरोक्त पदहरु बाहेक संघीय सरकार र प्रदेश सरकारको स्वीकृत कार्यक्रम बमोजिम सेवा करारमा कार्यरत रहने कर्मचारीले प्राप्त गर्ने तलव तथा सेवा सुविधा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**निर्णय नं. २१**

प्रस्ताव नं. ८ छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा स्वीकृत कार्यक्र अन्तर्गत वडा नं १ र २ संचालन भएको ठेक्का नं ६/BM/NCB/WORKS/०८१-८२ को रघुखोल कल्भर्ट निर्माण योजनाको लागि भिमाद नगरपालिका र सम्वृद्ध लुम्विनी निर्माण सेवा रुन्टीगढी -६ रोल्पाविच मिति २०८२/१/२ गते भएको सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न मिति २०८२/२/३० रहेकोमा निर्माण व्यवसायीद्वारा ठेक्का अवधि कम भएको र वर्षातको समय छि भएकोले निर्माण स्थानमा खोलाको पानी बढेको कारण कार्य गर्न समस्या भएको भनी मिति २०८२/२/९ गते म्याद थपको लागि निवेदन पेश गरेको साथै निर्माण स्थल वर्षातको समयमा चिप्ले तथा वर्षाको कारण खोलो ठूलो भई पूर्ण रुपमा कल्भर्ट सेट हुन नपाएमा पुनः क्षति हुने देखिएकोले निर्माण व्यवसायीको माग अनुसार मिति २०८२/६/३० गते सम्म म्याद थप गर्न निर्णय भयो ।